नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

नापी विभाग

# नापी कार्यालय

राजापुर, बर्दिया

फोनः ०८४-४६०१९७
फ्याक्स नं.०८४-४६०१९७
ईमेलः surveyoffice10@gmail.com

पत्र संख्याः २०८२/०८३
च.नं. २४९

मितिः २०८२/०१/०८

विषयः सूचना प्रकाशन सम्बन्धमा।

श्री राष्ट्रिय सूचना आयोग
काठमाडौं ।

सूचनाको हक सम्बन्धि ऐन,२०६४ को दफा ५(३) बमोजिम यस नापी कार्यालय राजापुर, बर्दियासँग सम्बन्धित आ.व. २०८२/८३ को माघ देखि चैत्र मसान्तसम्मको सूचनाहरु सुचिकृत गरी प्रकाशन गरिएको र उक्त प्रकाशित सूचना पाना नौ (९)थान यसै पत्र साथ संलग्न राखि पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

राम बहादुर कुंवर
(सूचना अधिकारी)
सूचना अधिकारी

बोधार्थः-
श्री नापी विभाग मिनभवन, काठमाडौं ।
श्री क्षेत्रिय हुलाक निर्देशनालय, सुर्खेत ।
श्री जिल्ला प्रशासन कार्यालय, बर्दिया।
श्री जिल्ला हुलाक कार्यालय, बर्दिया ।

*(सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सर्वजनिक गरिएको)*

आ.व. २०८२/०८३ माघ देखि चैत्र मसान्तसम्ममा सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

आ.व. २०८२/०८३ माघ देखि चैत्र मसान्तसम्ममा सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
नापी विभाग
नापी कार्यालय राजापुर, बर्दिया
फोन नं. ०८४४६०९९७
Email rajapur@dos.gov.np surveyoffice10@gmail.com

नेपाल सरकार
... कार्यालय ...

# विषयसूची

## विवरण


| क्र.सं. | पेज नं. |
|---|---|
| १.कार्यालयको स्वरुप र प्रकृति | २ |
| २.कार्यालयको काम, कर्तव्य र अधिकार | २ |
| ३.कार्यालयमा रहने कर्मचारी संख्या र कार्य विवरण | २ |
| ४.कार्यालयबाट प्रदान गरिने सेवा | ३ |
| ५.कार्यालयको शाखा र जिम्मेवार अधिकारी | ३ |
| ६.सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | ४ |
| ७.निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी | ५ |
| ८.निर्णय उपर उजुरी सुन्ने अधिकारी | ५ |
| ९.सम्पादन गरेको कामको विवरण | ५ |
| १०.सूचना अधिकारी र प्रमुखको नाम र पद | ६ |
| ११.ऐन, नियम तथा निर्देशिकाको सूची | ६ |
| १२.आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण | ७ |
| १३.तोकिए बमोजिमका अन्य विवरण | ७ |

## १.कार्यालयको स्वरुप र प्रकृति

नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, नापी विभाग अन्तर्गत रहेको नापी कार्यालय राजापुर वि.सं. २०७१ सालमा स्थापना भएको हो । यस नापी कार्यालयले बर्दिया जिल्लाको साविक एघार गा.वि.स.(हाल एक नगरपालिका र एक गाउँपालिका गरी जम्मा दुई स्थानीय तह) भित्रको कित्ता नापी नक्सा अद्यावधिक तथा भुमि सम्बन्धी नापजाँच(नयाँ नापी बाहेक) सम्बन्धी कार्य गर्दै आएको छ । यो कार्यालय बर्दिया जिल्लाको राजापुर नगरपालिका वडा नम्बर ४ मा रहेको छ । यस कार्यालयल बर्दिया जिल्ला अन्तर्गतको दुई स्थानीय तहको नक्सा तथा फिल्डबुक सुरक्षित राखी हाल डिजिटल डाटा सहित कम्प्युटरबाट सेवा प्रवाह गर्दै आएको छ ।

## १.१ उदेश्य

नापी कार्यालयको मुख्य उदेश्यहरु भूमि प्रशासन तथा व्यवस्थापनका लागि कित्तानापी गरी भूमि लगत तयार गरी आफ्नो कार्यक्षेत्र भित्रको नक्सा श्रेष्ता संग्रह, संरक्षण, अद्यावधिक र प्राविधिक सहयोग प्रदान गर्ने एवं भूमि लगतलाई नियमित रुपमा अद्यावधिक गर्ने तथा जग्गा प्रशासन सम्बन्धी प्राविधिक सेवा सूचना उपलब्ध गराउने रहेका छन ।

## २. कार्य क्षेत्र

जग्गा प्रशासन सेवा सञ्चालन तथा सेवा प्रवाहका क्रममा नापी कार्यालयको देहाय बमोजिम प्रमुख कार्यक्षेत्रहरु रहेका छन-

१.भूमि सुधार तथा मालपोत कार्यालय/मालपोत कार्यालय मार्फत प्राप्त लिखतका आधारमा कित्ताकाट गर्ने
२.सरोकारवालको निवेदनका आधारमा फिल्ड रेखाङ्कन गर्ने
३.सरोकारवालाको निवेदनका आधारमा मालपोत कार्यालयसंगको समन्वयमा टायल चेक गर्ने
४.आवश्यकता अनुसार फाइल नक्सा तयार गर्ने(डिजिटल प्रविधि लागु भएकोमा बाहेक)
५.कित्ता श्रेष्ता कायम गर्ने(प्लट रजिष्टर)
६.नक्सामा मसी भर्ने(कागजमा आधारित नक्सा भएमा)
७.सरोकारवालाको निवेदनका आधारमा फिल्डबुक र प्लट रजिष्टर उतार गर्ने
८.सरोकारवालाको माग बमोजिम नक्सा ट्रेश उतार गर्ने
९.आफ्नो कार्यालयमा रहेका नक्सा, फिल्डबुक, प्लटरजिष्टरको सम्भार/संरक्षण गर्ने
१०.नियम अनुसार नक्सा सुधार/संशोधन गर्ने
११.पूनः नापी सञ्चालन भएका कार्यालयमा जग्गादर्ता अद्यावधिक गर्ने
१२.सरोकारवालाको निवेदन अनुसार कित्ता एकीकरण गर्ने ।

# ३.कार्यालयमा रहने कर्मचारी संख्या र कार्य विवरण

| क्र. सं. | पद | श्रेणी | सेवा | समूह | स्वीकृत दरबन्दी संख्या | पदपूर्ति संख्या | रिक्त संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | नापी अधिकृत | रा.प. तृतीय | नेपाल ईन्जिनियरिङ | सर्भे | १ | १ | - | |
| २ | सर्भेक्षक | रा.प.अनं. प्रथम | नेपाल ईन्जिनियरिङ | सर्भे | ३ | ३ | - | |
| ३ | क.अ. | रा.प.अनं. प्रथम | विविध | - | १ | १ | - | करार |
| ४ | अमिन | रा.प.अनं. द्वितीय | नेपाल ईन्जिनियरिङ | सर्भे | ३ | ३ | - | |
| ५ | खरिदार | रा.प.अनं. द्वितीय | नेपाल प्रशासन | सामान्य प्रशासंन | १ | १ | - | |
| ६ | सह-लेखापाल | रा.प.अनं. द्वितीय | नेपाल प्रशासन | लेखा | १ | १ | - | |
| ७ | कार्यालय सहयोगी | श्रेणी विहिन | नेपाल प्रशासन | सामान्य प्रशासन | ३ | ३ | - | करार |

## ३.१कार्य विवरण

यस कार्यालयमा निम्न बमोजिम शाखाहरु रहेका छन ।

**ग) प्राविधिक शाखा**

मालपोत कार्यालय तथा अदालतको आदेश वा नापी कार्यालयमा आएका जग्गा सम्बन्धी कार्यहरु गर्ने, कित्ताकाट फिल्ड रेखाङ्कन गर्ने, नक्सा अपडेट गर्ने, ट्रेश गर्ने

**घ) प्रशासन शाखा**

सूचना अधिकारी

दर्ता चलानी, कर्मचारी व्यवस्थापन सम्बन्धी काम गर्ने, जिन्सी व्यवस्थापन गर्ने तथा कार्यालय सञ्चालन गर्ने ।

**घ) आर्थिक प्रशासन शाखा**

आर्थिक प्रशासन सम्बन्धी काम गर्ने

## ४.कार्यालयबाट प्रदान गरिने सेवा

➢ <u>मालपोत कार्यालयबाट आएको</u>

✓ जग्गा खरिद बिक्रि, बकसपत्र, अंशवण्डा, अदालतको फैसला, अधिग्रहण, लगतकट्टा आदिको कारणले जग्गाको स्वामित्व परिवर्तन गरी कित्ताकाट गर्ने ।

✓ नक्सा सुधार/संशोधन गर्ने

➢ <u>नापी कार्यालयबाट सोझै गर्ने सकिने</u>

- सेवा ग्राहिको माग बमोजिम नक्सा प्रिन्ट
- फिल्डबुक र प्लट रजिष्टर उतार
- फिल्ड रेखाङ्कन
- क्षेत्रफल टाएल चेक
- कित्ता एकीकरण
- अदालतको आदेश बमोजिम दुरी अंकित गर्ने

## ५.कार्यालयको शाखा र जिम्मेवार अधिकारी

❖ **प्राविधिक शाखा**

१.नापी अधिकृत श्री ई. दान बहादुर लम्साल
२.सर्भेक्षक श्री राम बहादुर कुवर
३.सर्भेक्षक श्री तुल्सी सलामी मगर
४.सर्भेक्षक श्री गौरव पाल
५.अमिन श्री नविन कुमार चौधरी
६.अमिन श्री देवेन्द्र प्रसाद जोशी
७.अमिन श्री शिवदत्त चौधरी

❖ **प्रशासन शाखा**

८.खरिदार श्री सृष्टि चौधरी

❖ **आर्थिक प्रशासन शाखा**

९.सह-लेखापाल श्री बसन्त बुढाथोकी

## ६.सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

| क्र.स | सेवाहरु | राजश्व दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | कित्ताकाट | निःशुल्क | |
| २ | नक्सा सुधार संशोधन | निःशुल्क | |
| ३ | नक्सा प्रिन्ट | प्रति कित्ता रु १००/- र रु.१०/- टिकट वापत | |
| ४ | फिल्डबुक र प्लट रजिष्टर उतार | पहिलो कित्ता रु.५०/- र थप कित्ता रु १०/- | |
| ५ | फिल्ड रेखाङ्कन | साविक गा.वि.स. अनुसार तोकिएको रकम | |
| ६ | क्षेत्रफल टायल चेक जाँच | फिल्ड रेखाङ्कन वापतको राजश्व रकम वा निःशुल्क | |
| ७ | कित्ता एकीकरण | प्रति कित्ता रु.५०/- र फिल्ड रेखाङ्कन वापतको रकम | |

*नोटः सेवा प्रवाह सम्बन्धी अन्य जानकारी कार्यालयमा रहेको नागरिक वडापत्र र सोधपुछ कक्षबाट लिन सकिने छ ।*

## ७.निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

प्राप्त उजुरीहरु सम्बन्धित अधिकारीले हेरी कार्यालय प्रमुखलाई आवश्यक कारवाहिको लागि पठाइने र कार्यालय प्रमुखबाट कारवाही प्रक्रिया अगाडि बढाइने ।

## ८.निर्णय उपर उजुरी सुन्ने अधिकारी

कार्यालय प्रमुखः ना.अ. श्री ई. दान बहादुर लम्साल

## ९.सम्पादन भएका कामको विवरण

नापी कार्यालय राजापुरको आ.व. २०८२/०८३ को प्रगति विवरण यस प्रकारको रहेको छ ।

| क्र.स. | सेवाको प्रकार | २०८२ साउन देखि असोज मसान्तसम्म | २०८२ कार्तिक देखि पुष मसान्तसम्म | २०८२ माघ देखि चैत्र मसान्तसम्म | कैफियत |
|---|---|---|---|---|---|
| १ | फिल्डबुक तथा प्लट रजिष्टर उतार | ७५/१४८ | ९७/१४४ | १०८/२१२ | |
| २ | ट्रायल चेक | १ | ८ | ४ | |
| ३ | नक्सा प्रिन्ट | ४२७ | ४०६ | ४९० | |
| ४ | फिल्ड रेखाङ्कन | ० | ३७ | ३५ | |
| ५ | कित्ता एकीकरण | २ | ६ | ८ | |
| ६ | अदालतको फैसला | ० | ३/१२ | १/११ | |
| ७ | अंशवण्डा | ० | २५/११६ | २८/१८९ | |
| ८ | राजिनामा | ३७/११५ | १७८/६८६ | १८९/५३३ | |

## १०.सूचना अधिकारी र प्रमुखको नाम र पद

यस कार्यालयबाट प्रवाह हुने सेवाहरु सम्बन्धी तथा अन्य कुनै गुनासो र उजुरी गर्नु परेमा तथा सुझावहरु भएमा तपशिल अनुसार सम्पर्क गर्ने सकिने छ ।

- **कार्यालय प्रमुखः** नापी अधिकृत श्री ई. दान बहादुर लम्साल

  फोन नं. ०८४-४६०१९७

  मोबाईल नं. ९८५८०३०१९९

  ईमेलः surveyoffice10@gmail.com

- **सूचना अधिकारीः** सर्भेक्षक श्री राम बहादुर कुंवर

  मोबाईल नं. ९८४८७२२१२४

  ईमेलः ramkunwar2033@gmail.com

## ११.ऐन, नियम तथा निर्देशिकाको सूची

- जग्गा ऐन(नापजाँच), २०१९
- जग्गा नियमावली(नापजाँच), २०५८
- जग्गा नापजाँच तथा नक्सा श्रेष्ता अद्यावधिक सम्बन्धी निर्देशिका, २०८१
- मालपोत ऐन, २०३४
- मालपोत नियमावली, २०३६
- भूमि सम्बन्धी ऐन, २०२१
- भूउपयोग ऐन २०७६
- भू उपयोग नियमावली २०७९
- मुलुकी देवानी ऐन(संहिता), २०७४
- अन्य जग्गा प्रशासनसंग सम्बन्धित कानूनहरु
- विभिन्न समयमा मन्त्रालय, विभाग तथा अन्य निकायबाट भएका परिपत्रहरु आदी ।

## १२. आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

*आ.व. २०८२/०८३ श्रावण देखि चैत्र मसान्त सम्मको राजश्व सम्बन्धी विवरण*

| क.स | राजश्व शीर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १ | १४२१३ अन्यविक्रिबाट प्राप्त रकम | ४,६८,१७५/- | |
| २ | १४५२९ अन्य राजश्व | ३,१८,३७५/- | |
| ३ | १५१११ बेरुजु | ००/- | |
| | जम्मा | ७,८६,५५०/- | |

*आ.व. २०८२/०८३ को श्रावण देखि चैत्र मसान्त सम्म खर्च भएको प्रगति*

| क.स | शीर्षक | अन्तिम बजेट | खर्च | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | ३३६०२०१२३ चालु | ९४,३७,००० | ६६,५३,२१९.५२ | ७०.५०% | |
| २ | ३३६०२०१२४ पूँजिगत | ५,२१,००० | ४,१४,००० | ७९.४६% | |
| ३ | ३३६०२१०१३ कित्ता नापी तथा नापी कार्यालय सुधार कार्यक्रम | २,५७,००० | ८९,५२० | ३४.८३% | |
| ४ | ३१२०००१५३ भूमि तथा गुठी व्यवस्थापन कार्यक्रम | ३,००,००० | १,३५,०६० | ४५.०२% | |

## १३.तोकिएका बमोजिमका अन्य विवरण

- अघिल्लो आर्थिक वर्षमा कार्यालयले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरको भए सो विवरणः **नभएको**
- कार्यालयको वेवसाइट, ईमेल www.dos.gov.np/office/rajapur, rajapur@dos.gov.np
- कार्यालयले प्राप्त गरेको प्रादेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग सम्झौता सम्बन्धी विवरणः **छैन**
- कार्यालयले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदनः **छैन**
- कार्यालयले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधिः **छैन**
- कार्यालयको सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरणः **नागरिक वडापत्र, नापी विभागको वेवसाईट र कार्यालयको सूचनापाटी**